September 6th, 2025 Saturday

## National News

<u>प्रमुख समाचार</u>

१. प्रधानमन्त्री नरेन्द्र मोदीका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको भावनालाई पूर्ण रूपमा सम्मान गरिने

२. भारतले रूसबाट तेल किन्न जारी राख्ने वित्तमन्त्री निर्मला सीतारमणको भनाइ

३.प्रधानमन्त्री नरेन्द्र मोदीले बाढी प्रभावित राज्यहरूको भ्रमण गरी स्थितिको समीक्षा गर्नु हुने

४. यूएस ओपन टेनिस प्रतियोगिताको पुरुष एकलको फाइनलमा यानिक सिन्नरले कार्लोस अल्काराजको सामना गर्ने

### 1. PM – Trump Statement

प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको भावनालाई पूर्ण रूपमा सम्मान गर्ने र भारत-अमेरिका सम्बन्धको सकारात्मक मूल्याङ्कनको गहिरो कदर गर्ने बताउनुभएको छ। श्री ट्रम्पको हालैको बयानप्रति प्रतिक्रिया जनाउँदै प्रधानमन्त्रीले सामाजिक सञ्जालको एक पोस्टमा भारत र अमेरिकाबीचको साझेदारी धेरै सकारात्मक र दूरदर्शी रहेको बताउनुभएको छ। उहाँले दुई देशबीचको सम्बन्ध विश्वव्यापी स्तरमा व्यापक र रणनीतिक रहेको बताउनुभयो। यसैबीच, भारत-अमेरिका सम्बन्धप्रति राष्ट्रपति ट्रम्पको सकारात्मक प्रतिक्रियापछि विदेशमन्त्री डा. एस. जयशंकरले प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र अमेरिकाबीचको साझेदारीलाई ठूलो महत्त्व दिने बताउनुभएको छ। डा. जयशंकरले प्रधानमन्त्री मोदीको राष्ट्रपति डोनाल्ड ट्रम्पसँग सधैं धेरै राम्रो र व्यक्तिगत सम्बन्ध रहेको बताउनुभएको छ। आकाशवाणीसँगको विशेष कुराकानीमा पूर्व कूटनीतिज्ञ अशोक सज्जनहरले आगामी दिनहरूमा अमेरिकासँग भारतको सम्बन्ध अझ बलियो हुने अपेक्षा गरिएको बताउनुभएको छ।

हिजो राति, वाशिंगटनमा पत्रकारहरूसँग कुरा गर्दै अमेरिकी राष्ट्रपतिले भारत र अमेरिका बीच विशेष सम्बन्ध रहेको बताउनुभएको थियो।

## 2. Sitharaman -Interview

वित्तमन्त्री निर्मला सीतारमणले भारतले रूसबाट तेल किन्न जारी राख्ने बताउनुभएको छ। उहाँले राष्ट्रिय हितको पूर्ण रूपमा ख्याल राखिने बताउनुभयो। एक टिभी च्यानललाई दिएको अन्तर्वार्तामा वित्तमन्त्रीले भन्नुभयो, चाहे त्यो रूसबाट तेल होस् वा अरू केही, हामी दर र रसदको सन्दर्भमा हाम्रो आवश्यकता अनुसार निर्णय लिनेछौं। वस्तु तथा सेवा कर (GST) को नयाँ प्रणालीबारे उल्लेख गर्दै वित्तमन्त्रीले भन्नुभयो, यसले नागरिकहरूको उपभोगमा सुधार ल्याउनेछ र पूँजीगत खर्चमा कुनै प्रभाव पार्नेछैन।

## 3. Vaishnav - GST

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभएको छ, प्रधानमन्त्री नरेन्द्र मोदीले वस्तु तथा सेवा करमा गरिएका सुधारहरू मार्फत मध्यम वर्गीय परिवारहरूलाई ठूलो राहत र बहुमूल्य उपहार दिनुभएको छ। श्री वैष्णवले आज नयाँ दिल्लीमा सञ्चारककर्मीहरूलाई सम्बोधन गर्दै यो कुरा बताउनुभएको हो।

## 4. Jitendra Singh – Campus Tank

विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले देशका युवाहरूलाई सशक्त बनाउन आज नयाँ दिल्लीमा क्याम्पस ट्याङ्कको उद्घाटन गर्नुभयो। यो ऐतिहासिक स्टार्टअपको शुभारम्भले देशका आगामी पुस्ताहरूलाई आफ्नै स्टार्टअपहरू स्थापना गरेर व्यावसायिक अवसरहरू प्रदान गर्नेछ।

## 5. Afghan – Fuel

काबुल र धेरै अफगान प्रान्तहरूमा इन्धनको मूल्यमा तीव्र वृद्धि भएको छ। यसले गर्दा दैनिक जीवन अस्तव्यस्त भएको छ। स्थानीय मिडिया रिपोर्टअनुसार, गत महिना पेट्रोलको मूल्य प्रति लिटर ४ अफगान डलर, डिजेल ६ अफगान डलर र तरल ग्यासको मूल्य प्रति किलोग्राम २ अफगान डलरले बढेको हो। बढ्दो इन्धनको मूल्यले खाद्यान्न र अत्यावश्यक वस्तुहरूको मूल्यमा थप वृद्धि हुने आशंका गरिएको छ।

## 6. PM – Flood Affected Area Visit

प्रधानमन्त्री नरेन्द्र मोदीले छिट्टै नै बाढी प्रभावित राज्यहरूको भ्रमण गरी स्थितिको समीक्षा गर्नु हुनेछ। आधिकारिक स्रोतहरूले यस्तो  जानकारी दिएको हो।

## 7. Flood Updates

उत्तराखण्डमा मौसममा सुधार र सडक मर्मतसँगै, आज चार धाम यात्रा र दर्ता प्रक्रिया पुनः सुरु भयो। यद्यपि, हालैको भारी वर्षाका कारण सडकमा क्षति पुगेका कारण गंगोत्री र यमुनोत्रीको तीर्थयात्रा अझै पनि स्थगित छ।  हिमाचल प्रदेशमा मनसुनको प्रभाव जारी छ। हाम्रा संवाददाताका अनुसार राज्यमा अविरल वर्षा र पहिरोका कारण धेरै मानिसहरूको मृत्यु भएको छ । पञ्जाबमा वर्षामा कमी आएसँगै राज्यका नदीहरूमा जल स्तर घटेको छ। दिल्ली सरकारले पञ्जाब मुख्यमन्त्री राहत कोषमा ५ करोड रुपैयाँ योगदान गर्ने निर्णय गरेको छ।

## 8. IMD Forecast

मौसम विभागले भोलिसम्म पूर्वी राजस्थान र गुजरातका विभिन्न स्थानमा मुसलधारे वर्षा हुने पूर्वानुमान गरेको छ। आज देशको पूर्वोत्तर भागका केही स्थानमा पनि भारी वर्षा हुने अनुमान गरिएको छ। आगामी दुई दिन हरियाणा, पञ्जाब, दिल्ली, हिमाचल प्रदेश, उत्तराखण्ड, पश्चिम बंगाल, तमिलनाडु, पुडुचेरी र कराइकलमा पनि यस्तै मौसम हुने अनुमान गरिएको छ।

## 9. Ganesh Utsav-Concludes

देशका धेरै भागहरूमा १० दिन लामो गणेश उत्सव आज मूर्ति विसर्जनसँगै समापन हुँदैछन्।

## 10. Goodbye Guruji

असामी चलचित्र 'गुडबाय गुरुजी' आधिकारिक रूपमा पेरिसमा आयोजना हुने गंगा सुर सेने महोत्सवको लागि छनोट भएको छ। यो चलचित्र शिक्षा र दृढता मार्फत रूपान्तरणको कथामा आधारित छ। यसको अर्को महिना विश्वभर एकैसाथ प्रिमियर हुने बताइएको छ।

## 11. Sports News

अब खेल प्रसंगः इटालीका यानिक सिन्नर युएस ओपन टेनिस प्रतियोगिताको पुरुष एकलको फाइनलमा पुगेका छन्। सिन्नरले उपाधि खेलमा स्पेनका कार्लोस अल्काराजको सामना गर्नेछन्। ब्राजिलमा भएको १७ औं विश्व उशु च्याम्पियनशिपमा भारतले उत्कृष्ट प्रदर्शन गरेको छ, जसमा तीन महिला खेलाडी फाइनलमा पुगे भने दुई पुरुष खेलाडी नकआउट चरणमा पुगेका थिए। चीनको हाङझाउमा जारी महिला हक्की एसिया कपमा आज भारत र जापान आमनेसामने हुँदैछन्। भारतीय महिला टोलीले हिजो थाइल्याण्डलाई हराएर आफ्नो अभियानको उत्कृष्ट सुरुवात गरेको थियो।